**Tribhuvan University Journal**
**Vol. 33, No. 2: 125-140, December, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v33i2.33639

# उमेरको भिन्नताले औपचारिक भाषा सिकाइमा पार्ने प्रभाव

***नेत्रप्रसाद पौडेल****

** उपप्राध्यापक, नेपाली शिक्षा, महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिवि*

## लेखसार

उमेरको भिन्नताले औपचारिक भाषा सिकाइमा पार्ने प्रभाव नामक प्रस्तुत लेखलाई *नेपाली भाषाको औपचारिक सिकाइमा उमेरको भिन्नताले पार्ने प्रभावको खोजी गर्नु* भन्ने उद्देश्यमा आधारित तुल्याइएको छ । यस लेखलाई विषय प्रवेश, विधि तथा प्रक्रिया, तथ्याङ्कहरूको विश्लेषण, उपलब्धि तथा निष्कर्ष र शैक्षणिक उपादेयता गरी पाँच शीर्षकमा पूरा गरिएको छ। काठमाडौँ उपत्यकाभित्रका तीन जिल्लामध्ये काठमाडौँबाट २४, ललितपुरबाट २४ र भक्तपुरबाट २४ गरी कक्षा ३, ४ र ५ का क्रमशः ८, ९ र १० वर्ष उमेरसमूहका सामुदायिक तथा संस्थागत विद्यालयका ७२ जना छात्रछात्राहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिई गरिएको यस अध्ययनबाट प्राप्त परिमाणात्मक तथ्याङ्कहरूलाई भाषाका चार शुद्ध सीप र तीन एकीकृत सीप गरी सिकाइ उपलब्धि र उमेरको प्रभाव सम्बद्ध नेपाली भाषाको औपचारिक सिकाइको सन्दर्भसँग जोडेर विश्लेषण गरिएको छ । सिकाइ उपलब्धिभित्र उमेरको प्रभाव निरूपण गर्दा एकातिर न्यूनतम २६ र अधिकतम ९६ प्रतिशतसम्म सिकाइ उपलब्धि हासिल भएको र उमेरको प्रभाव भने न्यूनतम ०.२१ र अधिकतम ४४.३१ प्रतिशतसम्म पाइएको छ। कतै सामान्य त कतै अत्यधिक ढङ्गले परेको उमेरको प्रभावमा केही ठाउँमा विचलन पनि देखिएको छ। थोरै अपवादलाई छोड्ने हो भने सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार शुद्ध भाषिक सीप, सुनाइ र बोलाइ, पढाइ र लेखाइ, सुनाइ र लेखाइ एकीकृत भाषिक सीप तथा स्वतन्त्र लेखन र कथाकथनमा कतै धेरै त कतै थोरै उमेरको प्रभावमा नियमितता पनि पाइएको छ। प्रभावको अवस्था धेरै वा थोरै जे जस्तो भए पनि समग्रमा ८, ९ र १० वर्ष उमेरसमूहका कक्षा ३, ४ र ५ का मातृभाषी नेपाली विद्यार्थीहरूको सिकाइ उपलब्धिमा विविधता पाइनुको साथै केही अपवादबाहेक उमेर बढ्दै जाँदा ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका बालबालिकाहरूको भाषाका शुद्ध तथा एकीकृत सीपका क्षेत्रहरूको सिकाइ उपलब्धिमा वृद्धि देखिएको छ।

**मूल शब्दावली :** बालउमेर - औपचारिक भाषा सिकाइ - प्रभाव - प्रतिशत गणना - औसत गणना र स्तम्भचित्र ।

## विषयपरिचय

मानव विकासभित्रको बालउमेर भाषा सिकाइका निम्ति कोसेढुङ्गो मानिन्छ । मानिसले बालउमेरभित्र सिकेका कुराहरूलाई नै आवश्यकताअनुसार प्रयोग, उपयोग र सन्दर्भगत व्यवस्थित एवम् पुनः व्यवस्थित गर्ने काम गरिरहेको हुन्छ । मानिसले आधारभूत भाषिक ज्ञान र सीप पनि खास उमेरभित्र प्राप्त गरिसक्ने हुनाले बालउमेर मानव जीवनका लागि महत्त्वपूर्ण मानिन्छ । पढेका वा अनुभव गरेका कुराहरू सम्झन सक्ने, दोहोऱ्याउन सक्ने, नयाँ परिस्थितिमा प्रयोग गर्न सक्ने र सूचनाहरूको व्याख्या गर्न सक्ने क्षमताको विकास नै ज्ञानको विकास मानिन्छ । काम गराइको तरिका, गति, कामको परिमाण, प्रकृति आदिले भने सीपको प्रतिनिधित्व गर्दछन् । वस्तु, पदार्थ, जीवन, आत्मा, परमात्मा आदि विषयवस्तुप्रति मानिसका धारणाहरूको लेखाजोखाबाट सिकाइको मूल्याङ्कन हुन सक्ने हुनाले नयाँ ज्ञान, सीप र धारणाहरू प्राप्त हुँदै जाँदा व्यक्तिको व्यवहारमा पनि परिवर्तन देखिन थाल्दछन् (वाग्ले र पौडेल, २०६६, पृ. १११) ।

बालउमेर भनेको बाल्यकाल वा वाल्यकालभित्रको छोटो समयभित्रको उमेर हो । यो बालबालिकाहरूको वृद्धि र विकासको उमेर पनि हो । यो मानिस जन्मेपछि सुरु भई यौनारम्भसम्म रहन्छ । यसभित्र नवजात शिशुअवस्था, शिशुअवस्था, पूर्वबाल्यावस्था र उत्तरबाल्यावस्था गरी चार चरणहरू पर्दछन् । यसले १४ वर्षभन्दा मुनिको उमेर वा बालिग नभएको अवस्था (प्रयोगात्मक नेपाली शब्दकोश, २०६६, पृ. ७१६) लाई जनाउँछ । यो बालकले बिताउने उमेर भएको हुनाले यसैलाई बाल्यकाल पनि भनिएको छ । यसैलाई १६ वर्ष नपुगेसम्मको अवस्था (नेपाली वृहत् शब्दकोश, २०७५, पृ.९०६) पनि मानिएको छ । यसर्थ बाल्यकाल वा बालउमेरको पूर्वार्द्ध र उत्तरार्द्ध पूर्णतः निरपेक्ष भने हुँदैनन् । बालउमेरको उत्तरार्द्धसम्म पनि पूर्वार्द्धका कतिपय विशेषताहरू देखिन सक्छन् । बालउमेरको सुरु र अन्त्यका बिचमा पनि एक खालको सम्बन्ध रहेकै हुन्छ । बालबालिकाहरूको व्यक्तिगत र सामाजिक व्यवस्थापनमा गम्भीर असर पुऱ्याउने कुराहरूबाटै बालउमेरको सुरु र अन्त्य निश्चित हुनेगर्दछ (हर्लक, २००६, पृ.१५६) ।

बालबालिकाको शारीरिक एवम् मानसिक विकासको सम्बन्ध संज्ञानात्मक एवम् मनोवैज्ञानिक पक्षसँग हुन्छ । यस उमेरका बच्चाहरूको स्वास्थ्य एवम् सुरक्षा बाबुआमाको जीवनपरिस्थिति र वातावरणबाट प्रभावित हुनेगर्दछ । यसै समयमा आएर बालबालिकाहरूमा कुन हातको प्रयोग गर्ने भन्ने रुचि क्षेत्रको निर्धारणसमेत हुन्छ । यस समयमा बच्चाहरूको बाहिरी शरीरमा आएको परिवर्तनले शरीरभित्रको विकासलाई प्रतिविंबित गर्नुको साथै स्नायुप्रणाली र मानसिक अवस्थामा आएका परिवर्तनहरूले मांसपेशीय क्रियाशीलताको विकासमा टेवा पुऱ्याउँदछ (पापालिया, ओल्डस र फेल्डम्यान, २००२ पृ. २११-२१४) ।

अनौपचारिक वा औपचारिक जुन भए पनि पहिलो भाषा सिकाइमा बालबालिकाहरू तुलनात्मक रूपमा बढी नै उत्सुक एवम् तत्पर हुन्छन् । वास्तवमा बालबालिकाहरूले पहिलो भाषा आआफ्नो परिपक्वताको विकासजस्तै स्वाभाविक प्रक्रियाका रूपमा सिकिरहेको बेला आफ्नो सेरोफेरोको भाषिक वातावरणलाई आवश्यकताअनुसार उपयोगमा ल्याउन सक्छन् । भाषा सिकाइको पहिलो क्षेत्र अनौपचारिक प्रकृतिको हुनाले यस क्षेत्रअन्तर्गत सिकिने भाषालाई पहिलो वा मातृभाषा भनिन्छ । पहिलो वा मातृभाषाको सिकाइमा कुनै औपचारिकताको निर्वाह भएको हुँदैन । यस्तो औपचारिकताबिनाको भाषा सिकाइलाई भाषा प्राप्ति भन्ने गरिन्छ । जन्मजात सामर्थ्य र अभ्यासको सहसम्बन्धबाट बालबालिकाहरू यस्तो भाषालाई सम्प्रेषणीय युक्तिका रूपमा उपयोग गर्न सफल हुन्छन् (अधिकारी, २०६५, पृ. ३६ र १०७) ।

पहिलो भाषा सिकाइको गति मानव जीवनका लागि उल्लेखनीय अर्थात् चामत्कारिक हुन्छ । सिकारुले विद्यालय सुरु गर्नुभन्दा धेरै अगाडि नै विकसित भाषा प्रयोगकर्ताको हैसियतमा स्वतः वैयक्तिक अभिव्यक्ति सञ्चारको नेतृत्व गरिरहेको हुन्छ । बालउमेरका पहिलो, दोस्रो र तेस्रो वर्षमा उनीहरूको अन्य भाषा प्रयोग कर्ताहरूसँगको अन्तरक्रिया अनिवार्य मानिन्छ जुन सामान्य भाषिक क्षमतालाई प्रयोगमा ल्याउनका निम्ति नभइहुँदैन । सामान्य परिवेशमा मानव सन्तानहरूले भाषा ग्रहणमा आफूभन्दा ठूलाहरूको बानीव्यहोराबाट सहयोग पाउनेगर्दछन् (युल, २००९, पृ. १४९-१५०) ।

साधारण बालबालिहरूले यस उमेरभित्र भाषा सिकाइका प्रारम्भिक पक्षहरूमा उत्कृष्टता हासिल गरिसकेका हुन्छन् (इन्ग्राम, १९९२, पृ.२) । बच्चाले गर्ने भाषा सिकाइ र जीववैज्ञानिक कारणबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ, जस्तै- क्रियात्मक विकास अथवा मस्तिष्कको तौल । बच्चाको भाषिक सामर्थ्यको जीववैज्ञानिक आधारको पक्षमा एउटा महत्त्वकाङ्क्षी दावी के छ भने १८ महिनादेखि यौनारम्भको सुरुवातचाहिँ धेरै बालबालिकाहरूका (मानिसहरू) लागि अति महत्त्वपूर्ण हुन्छ । यस अवधिभित्र भाषा सिकाइ सामान्य रूपमा हुन्छ भन्ने अपेक्षा गरिन्छ । यसभन्दा बाहिर भाषा सिकाइ अत्यन्त गाह्रो हुने देखिन्छ तर असम्भव भने छैन (इलियट, १९९४, पृ. २३)

पहिलो भाषा आफैँ सिकिने कला हो । यसर्थ भाषा सिकाइका सुरु दिनहरूमा सिकारु अरूले बोलेका कुराहरूको अर्थ लगाउन सक्ने हुनुपर्दछ । भाषा एकप्रकारको सञ्चार हो । नवजात शिशु उमेरका बच्चाहरू यस्तो सञ्चार रोएर  र दिसापिसाब गरेर व्यक्त गर्दछन् । करिब छ महिना उमेरसमूहका बालबालिकाहरूको भाषा तोतेबोली/फतफताइ व्यञ्जन वर्ण (पप, तत, चच, वव) भित्र सीमित हुन्छ । यस किसिमको प्रारम्भिक फतफताइलाई उसका

अभिभावकले एउटा सम्प्रेषित शब्दका रूपमा बुझ्नेगर्दछन् (ग्यास र सेलिङ्कर, २००८, पृ. ३१)

सबै भाषाको सिकाइमा बालउमेरको प्रभाव परेजस्तै मातृभाषाको औपचारिक सिकाइमा पर्नु स्वाभाविक छ । जुनसुकै मातृभाषी भए पनि कक्षा एकमा पढ्ने वा ६ वर्षको बच्चामा आफ्नो मातृभाषामा २० देखि २४ हजारसम्म शब्दज्ञान हुने गरेको पाइन्छ र यो सङ्ख्या बढेर ६ कक्षा अर्थात् ११ वर्ष पुग्दानपुग्दै ५० हजारसम्म पुगिसकेको हुन्छ । सामान्यतः यसै समयमा बच्चाहरूले सामान्य शब्दभण्डारका अतिरिक्त शिष्टाचार, गोपनीयता, रङ, रुपियाँपैसा, सङ्ख्या, समय, अपशब्द, परिमाण, खेलकुद, यौन आदिसँग सम्बन्धित विशेष शब्दभण्डार पनि सिकिसकेका हुन्छन् । यसर्थ कक्षा ५ वा १० वर्षको बच्चाले सबै प्रकारका वाक्यहरू रचना गर्न जानिसकेको हुन्छ (हर्लक, २००६, पृ. १६२) ।

## अध्ययनका समस्या तथा उद्देश्य

नेपाली भाषा नेपालको लगभग आधा जनसङ्ख्याका निम्ति पहिलो वा मातृभाषा हो । यो विमातृभाषी जनसङ्ख्याका लागि सम्पर्क भाषा पनि हो । यसै कारण हिजो राष्ट्रभाषाको संज्ञा पाएको भए पनि आज यो नेपालभरिका निम्ति संविधानतः सरकारी कामकाजको भाषा भएको छ (नेपालको संविधान, २०७२, पृ.२) । यसर्थ यस लेखमा सदियौँदेखि बहुप्रयोजनको क्षेत्र ओगटेको नेपाली भाषाको औपचारिक सिकाइमा उमेरको प्रभाव निरूपण गर्न सिकारुको उमेर बढ्दै जाँदा  सिकाइ उपलब्धिमा फरक पर्छ कि पर्दैन रु प्रभावको अवस्था धेरै वा थोरै के कस्तो रहन्छ रु भाषा सिकाइका क्रममा प्रभावका अपवादहरू देखिन्छन् कि देखिँदैनन् रु भन्ने समस्यात्मक प्रश्नहरूको उत्तर प्रस्तुत अध्ययनबाट अनुशीलन गरिएको छ। यसर्थ प्रस्तुत लेखमा कक्षा ३, ४ र ५ मा पढ्ने ८, ९ र १० वर्ष उमेरसमूहका बालबालिकाहरूको मातृभाषाका रूपमा नेपाली भाषाको औपचारिक सिकाइमा उमेर फरक पर्दा सिकाइ उपलब्धिमा पर्न सक्ने प्रभावलाई मुख्य समस्याका रूपमा लिइएको छ। यही समस्याभित्र केन्द्रित प्रस्तुत अध्ययनका लागि आधारभूत तह (कक्षा १-८) भित्रका कक्षा तीन, चार र पाँचमा पढ्ने बालबालिकाहरूको मातृभाषाका रूपमा नेपाली भाषाको औपचारिक सिकाइमा उमेरको भिन्नताले पार्ने प्रभावको निरूपण गर्नका लागि *नेपाली भाषाको औपचारिक सिकाइमा उमेरको भिन्नताले पार्ने प्रभावको खोजी गर्नु* भन्ने उद्देश्य तय गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययनका लागि शिक्षाशास्त्र सङ्कायको खास संरचनाभित्र विद्यार्थीहरूको अभिक्षमता परीक्षणको प्रचलित विधिअन्तर्गत प्राकृतिक तथा सामाजिक विज्ञान र अन्य

क्षेत्रमा समेत प्रयोग उपयोगमा रहेको मात्रात्मक अनुसन्धान पद्धति वा परिमाणात्मक अध्ययन ढाँचालाई अपनाइएको छ । यो सिद्धान्ततः साङ्ख्यिकीय वा गणितीय प्रक्रियाबाट अवलोकनयोग्य विषयहरूको परीक्षण (गिभन, २००८) भएको हुनाले यसमा कोरिन (२०११) ले भनेझैँ खासखास तथ्यहरूका आधारमा मात्रात्मक सूचनाहरूको वर्णनात्मक एवम् तुलनात्मक अध्ययन गरिएको छ ।

प्रस्तुत अनुसन्धानात्मक लेखका लागि प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएका छन् । स्थलगत अध्ययनबाट प्राप्त सामग्रीलाई प्राथमिक र अन्य लिखित स्रोतबाट लिइएका सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा ग्रहण गरिएको छ । यसमा आधारभूत तहका कक्षा तीन, चार र पाँचमा फरक फरक उमेरका विद्यार्थीहरू पढ्ने र उनीहरूका सिकाइसम्बन्धी सोच, अवधारणा र कार्यहरूमा प्रशस्त समानता तथा केही भिन्नतासमेत भेटिने हुनाले तीनवटै कक्षाका विद्यार्थीहरूको एकसाथ भाषिक अभिक्षमता परीक्षण गर्न उपत्यकाका तीनवटा जिल्लालाई अध्ययनको भूगोलका रूपमा छनोट गरी हरेक जिल्लाबाट एउटा संस्थागत र एउटा सामुदायिक विद्यालयको प्रतिनिधित्व गराइएको छ । यसका लागि काठमाडौँ उपत्यकाभित्रका तीनवटा जिल्ला, जस्तै-काठमाडौँबाट पाँगा मा.वि. पाँगा र आदिनाथ मा.वि. चोभार, ललितपुरबाट ज्ञानोदय बालबाटिका मा.वि. बुङमती र टीका विद्याश्रम मा.वि. सानेपा तथा भक्तपुरबाट श्री सगरमाथा इङ्गलिस स्कुल, लोकन्थली र श्री महेन्द्र आ.वि. सानोठिमीलाई लिइएको छ । यसअन्तर्गत नमुना जनसङ्ख्याको छनोट गोलाप्रथाबाट गरिएको छ । जिल्ला, विद्यालय र विद्यार्थीको विवरण तालिका १ अनुसार रहेको छ :

**तालिका १ :** जिल्ला, विद्यालय र विद्यार्थीको विवरण


| क्र.सं. | जिल्ला | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | छात्र | छात्रा |
|---|---|---|---|---|---|
| १ | काठमाडौँ | २ | २४ | १२ | १२ |
| २ | ललितपुर | २ | २४ | १२ | १२ |
| ३ | भक्तपुर | २ | २४ | १२ | १२ |
| | जम्मा | ६ | ७२ | ३६ | ३६ |

मौखिक तथा लिखित युक्तिलाई साधन बनाई प्रस्तुत जनसङ्ख्या र नमुनामा आधारित भएर भाषिक सीपहरूको प्रतिनिधित्व हुने गरी निर्माण गरिएका ४ मौखिक र ४ लिखित प्रश्नावलीबाट सम्बन्धित विद्यालयमा कक्षा ३, ४ र ५ का ४/४ जना विद्यार्थीहरूका माझमा परीक्षणको काम सम्पन्न गरिएको थियो । हरेक विद्यालयका १२ जना विद्यार्थीहरूलाई छुट्टै कोठामा एउटा खास दुरीमा राखी लिखित परीक्षा लिने काम गरिएको

र यसका निम्ति जम्मा १ घन्टा समय छुट्याइएको थियो । मौखिक परीक्षाका लागि भने समयसीमा खुला राखी एकएक जनाको पालो मिलाएर सोध्ने काम सम्पन्न गरिएको थियो ।

## तथ्याङ्कहरूको विश्लेषण


यसमा प्राप्त भएका सूचनाहरूको भाषिक क्षेत्र सम्बद्ध शीर्षकहरूमा स्थलगत परीक्षणका निम्ति तयार पारिएका मौखिक तथा लिखित परीक्षण साधनहरूबाट लिइएको परीक्षाको नतिजालाई स्तम्भचित्रमा देखाई तिनको प्रतिशत एवम् औसत गणनासहित देहायबमोजिम भिन्नभिन्न ९ शीर्षकमा बाँडी तुलनात्मक विश्लेषण गरिएको छ :




**स्तम्भचित्र १ :** शुद्ध सुनाइ सीप

माथिको स्तम्भचित्र १ अनुसार कक्षा ३, ४ र ५ मा अध्ययनरत क्रमशः ८, ९ र १० वर्ष उमेरसमूहका विद्यार्थीहरूको शुद्ध सुनाइ सीप परीक्षणको परिणाममा भिन्नता देखियो । जम्मा ५ अङ्कको सुनाइ सीपसम्बन्धी श्रुतिकार्यमा ८ वर्ष उमेरसमूहका कक्षा ३ मा पढ्ने छात्रछात्राहरूले प्रश्नगत हिसावले बढीमा पूर्णाङ्क १ मा पूरा १ अङ्क र कम्तीमा ०.९२ अङ्क ल्याएको पाइयो । ९ वर्ष उमेरसमूहकमा कक्षा ४ का छात्रछात्राहरूले भने बढीमा १ र कम्तीमा ०.७९ अङ्क तथा १० वर्ष उमेरसमूहका कक्षा ५ का छात्रछात्राहरूले बढीमा १ र कम्तीमा ०.८८ अङ्क ल्याएको देखियो । यसबाट बढीमा समानता देखिए पनि कम्तीमा भने विविधता पाइयो । तीनवटा उमेरसमूहका विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशत र औसत गणनाका आधारमा हेर्दा कक्षा ३, ४ र ५ का छात्रछात्राहरूले क्रमशः ९६, ९५.८ र ९६.८ प्रतिशत तथा ४.८०, ४.७९ र ४.८४ औसत अङ्क ल्याएको देखियो । उमेर

भिन्न हुँदाको प्रभावलाई परिणामका आधारमा तुलना गर्दा शुद्ध सुनाइ सम्बद्ध श्रुतिकार्यमा ९ वर्ष उमेरसमूह (कक्षा ४) का छात्रछात्राहरूको भन्दा ८ वर्ष उमेरसमूह (कक्षा ३) का छात्रछात्राहरूको प्रतिशत र औसत अङ्क बढी आउनु नकारात्मक प्रभाव थियो । कक्षा ३ र ४ का छात्रछात्राहरूले भन्दा कक्षा ५ का छात्रछात्राहरूले बढी अङ्क ल्याएको कुरालाई आधार मान्दा न्यूनतम मात्र भए पनि सकारात्मक प्रभाव परेको देखियो । समग्रमा ९ भन्दा ८, ८ भन्दा १० र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरू क्रमश : ०.२१, ०.८ र १ प्रतिशत  तथा ०.०१, ०.०४ र ०.०५ औसत अङ्कले अगाडि देखिए जसलाई नकारात्मक -सकारात्मक प्रभावको परिणाम मान्न सकिन्छ । यसबाट विद्यार्थीको उमेर बढ्नेबित्तिकै सिकाइ उपलब्धि बढ्दछ भन्ने विषय यस सीप सम्बद्ध परिणामबाट पूर्णतः प्रमाणित हुन नसके पनि ८ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राको उपलब्धिमा वृद्धि भएको विषयलाई आधार बनाउँदा उक्त कुरा आंशिक रूपमा पूरा भएको देखियो । शुद्ध सुनाइ सीपका पाँचवटा श्रुतिकार्यसँग सम्बन्धित उक्त नतिजालाई आधार बनाउँदा निर्धारित तीन उमेरसमूहका छात्रछात्राहरूमध्ये कसैले कम त कसैले बेसी अङ्क ल्याएका छन् । यसबाट ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूमा उमेरगत भिन्नताका कारण औपचारिक भाषा सिकाइमा पर्ने प्रभाव समान खालको कायम हुन सक्तैन भन्ने कुरा प्रमाणित हुन्छ ।





**स्तम्भचित्र २ :** शुद्ध बोलाइ सीप

स्तम्भचित्र २ मा देखाइएअनुसार सोही कक्षा र उमेरसमूहका छात्रछात्राहरूको शुद्ध बोलाइ सीपको परिणाम क्रमशः बढ्दै गएको देखियो । जम्मा ५ अङ्कको बोलाइ सीप सम्बद्ध बोलीका विभिन्न ५ सन्दर्भभित्रका शुद्ध उच्चारण (बोलाइ सीप) सँग सम्बन्धित परिणामलाई हेर्दा ८, ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूको क्रमशः बढीमा ०.७१,

१ र ०.९६ तथा कम्तीमा ०.२५, ०.३८ र ०.४६ अङ्क कायम भएको पाइयो भने उक्त कक्षा तथा उमेरसमूहका छात्रछात्राहरूले प्राप्त गरेको अङ्कलाई प्रतिशत र औसत गणनाका आधारमा तुलना गर्दा कक्षा ३, ४ र ५ का विद्यार्थीहरूले क्रमशः ५२.६, ७१.८ र ७६.८ प्रतिशत तथा २.६३, ३.५९ र ३.८४ औसत अङ्क प्राप्त गरेको देखियो । उमेरको प्रभावलाई तुलना गर्दा ८ वर्षका छात्रछात्राहरूको तुलनामा ९ वर्षका छात्रछात्राहरूमा बलियो प्रभाव परेको देखियो भने ९ का तुलनामा १० मा भने सामान्य मात्र प्रभाव परेको पाइयो । उक्त उमेरसमूहका बालबालिकाहरू प्रतिशत र औसत अङ्कमा क्रमशः कक्षा ३ भन्दा ४ मा २६.७४ बढी तथा कक्षा ४ भन्दा ५ मा ६.५१ तथा ०.९६ र ०.२५ अङ्कले अगाडि देखिए ।


प्राप्त प्रमाणका आधारमा शुद्ध बोलाइ सीप सम्बद्ध सिकाइ उपलब्धिको समग्र मूल्याङ्कन गर्दा निर्धारित छात्रछात्राहरूको उमेर परिवर्तन हुनासाथ सिकाइ उपलब्धि बढेको देखिन्छ । प्राप्त नतिजाअनुसार तीनवटै उमेरसमूहका छात्रछात्राहरूले बोलाइ सीप सम्बद्ध जुन सिकाइ उपलब्धि हासिल गरेका छन् यसबाट उमेरको भिन्नताको औपचारिक भाषा सिकाइमा परेको सकारात्मक प्रभाव ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरूमा जुन घट्तो दरमा देखिएको छ यसले सानो उमेरमा बढी प्रभाव पर्दछ र उमेर बढ्दै जाँदा प्रभाव पनि कम हुँदै जान्छ भन्ने कुरा पुष्टि हुन्छ ।




**स्तम्भचित्र ३ :** कथाकथन (बोलाइ सीप)

स्तम्भचित्र ३ अनुसार कक्षा ३, ४ र ५ मा पढ्ने क्रमशः ८, ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूको कथाकथन सम्बद्ध भाषिक कार्यको परिणाममा समेत भिन्नता पाइयो । कुल ५ अङ्क बराबरको बोलाइ सीप सम्बद्ध कथाकथन कार्यको परीक्षणीय


नतिजाअन्तर्गत ८, ९ र १० वर्ष उमेरसमूहका कक्षा ३, ४ र ५ मा पढ्ने छात्रछात्राहरूले क्रमश: बढीमा ०.७९, ०.८३ र ०.८६ तथा कम्तीमा ०.६६, ०.७१ र ०.७३ अङ्क ल्याएको देखियो । तीनवटै उमेरसमूहका छात्रछात्राहरूले प्राप्त गरेको ७३.२, ७६.८ / ७९.४ कुल प्रतिशत र ३.६६, ३.८४ र ३.९७ औसत अङ्कलाई आधार मान्दा उमेरको भिन्नताले औपचारिक भाषा सिकाइमा पार्ने प्रभाव भने सामान्य मात्र पाइयो । यस कार्यमा ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरू क्रमश: ४.६९ र ३.२७ प्रतिशत तथा ०.४८ र ०.१३ औसत अङ्कले अगाडि देखिनु यसको प्रमाण मान्न सकिन्छ । यस परिणामले उमेर फरक हुनासाथ कथाकथन सम्बद्ध सिकाइ उपलब्धिमा थप सुधार आएको देखाएको छ । यसबाट उमेर बढ्दै जाँदा भाषा सिकाइ उपलब्धि पनि धेरथोर बढ्दै जान्छ तर त्यसको मात्रा भने फरक हुने र त्यो सामान्यत: नजिकको प्रतिशतमा कायम हुने कुरा सिद्ध हुन्छ ।




**स्तम्भचित्र ४ :** शुद्ध पढाइ सीप


स्तम्भचित्र ४ अनुसार निर्धारित छात्रछात्राहरूको शुद्ध पढाइसँग सम्बन्धित परिणाममा पनि सामान्य किसिमको भिन्नता कायम भएको देखियो । जम्मा ५ अङ्कको पढाइ (सस्वर पठन) सीपसम्बन्धी प्राप्त परिणामलाई हेर्दा उनीहरूले क्रमश: ६२, ७७.६ र ७८.८ प्रतिशत तथा ३.१०, ३.८८ र ३.९४ औसत अङ्क ल्याएको देखियो । उक्त उमेसमूहका छात्रछात्राहरूले क्रमश: बढीमा ०.६७, ०.८३ र ०.८७ तथा कम्तीमा ०.५८, ०.७४ र ०.६७ अङ्क प्राप्त गरेको अवस्थालाई हेर्दा औपचारिक भाषा सिकाइमा कक्षा ३ अर्थात् ८ वर्ष उमेरसमूहका बालबालिकाहरूको भन्दा कक्षा ४ अर्थात् ९ वर्षमा प्रभावको मात्रा र ९ वर्ष उमेरसमूहका बालबालिकाहरूको भन्दा कक्षा ५ अर्थात् १० वर्षका छात्रछात्राहरूको सिकाइमा परेको प्रभावको मात्रा क्रमश: २०.१० र १.५२ प्रतिशत तथा ०.७८ र ०.०६ औसताङ्कले कायम भएको पाइयो । यस परिणामबाट उमेरको भिन्नता नै सिकाइ उपलब्धि वृद्धिको कारक हो भन्ने देखिन्छ । यस भाषिक कार्यको उक्त परिणामलाई हेर्दा छात्रछात्राहरूले

क्रमशः जुन उपलब्धि कायम गरेका छन् त्यसबाट उमेर फरक पर्दा हुने सिकाइ उपलब्धिको वृद्धिदर कमबेसी जे जस्तो भए पनि सकारात्मक हुने कुरा प्रामाणित हुन्छ ।





**स्तम्भचित्र ५ :** शुद्ध लेखाइ सीप

स्तम्भचित्र ५ को परिमाणात्मक प्रमाणअनुसार सोही कक्षा र उमेरसमूहका छात्रछात्राहरूको शुद्ध लेखाइ सीपको परिणाममा पनि भिन्नता देखियो । जम्मा १० अङ्क रहेको लेखाइ सीप सम्बद्ध शब्दभण्डार र वाक्यरचनासँग सम्बन्धित मूल्याङ्कनबाट प्राप्त परिणामलाई हेर्दा ८, ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूले क्रमशः बढीमा ६.१३, ६.८८ र ८.१३ तथा कम्तीमा ०.३८, २.७५ र ४.७५ अङ्क तथा तीनओटै उमेर समूहका छात्रछात्राहरूको क्रमशः २६.५, ५२.३२ र ६२.१२ प्रतिशत तथा १५.९०, ३१.३९ र ३७.२७ औसत अङ्क आएको देखियो । यस किसिमको औपचारिक भाषा सिकाइमा उमेरको प्रभाव लेखाइ सीप सम्बद्ध कौशलमा अत्यधिक मात्रामा परेको पाइयो । यसरी निर्धारित उमेरसमूहका बालबालिकाहरू क्रमशः ३९.३५ र १५.७८ प्रतिशत अङ्कले अगाडि देखिनु भनेकै सकारात्मक प्रभावको प्रमाण हो । यस लेखाइ सीप सम्बन्ध यस कार्यमा कक्षा ४ र ५ को भन्दा कक्षा ३ र ४ को अन्तर बढी देखिएको छ । यसबाट बालबालिकाको उमेर बढ्दै जाँदा सिकाइ उपलब्धिमा सुधार हुँदै जान्छ र ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूको तुलनामा ८ वर्ष उमेरसमूहका छात्रछात्राहरू लेखाइ सीपमा अपेक्षाकृत कमजोर हुन्छन् भन्ने देखिन्छ । यसबाट लेखाइ सीपमा उपलब्धि राम्रो कायम हुन बालबालिकारूमा उमेरगत परिपक्वता पनि आउनुपर्दछ भन्ने पुष्टि हुन्छ ।





**स्तम्भचित्र ६ :** स्वतन्त्र लेखाइ (शुद्ध लेखाइ सीप)

स्तम्भचित्र ६ अनुसार निर्धारित कक्षा र उमेरसमूहका छात्रछात्राहरूको स्वतन्त्र लेखाइ सम्बद्ध परिणाममा समेत ठूलो अन्तर देखियो । जम्मा ५ अङ्क रहेको स्वतन्त्र लेखाइ सम्बद्ध अनुच्छेद रचना कार्यसँग सम्बन्धित परिणामलाई हेर्दा ८, ९ र १० वर्ष उमेरसमूह (कक्षा ३, ४ र ५) का छात्रछात्राहरूले क्रमशः बढीमा ३.०, ३.५० र ३.७५ तथा कम्तीमा ०.२५, १.६३ र २.२५ सम्म अङ्क अनि समग्रमा ३२.९७, ५९.२० र ६३.८० प्रतिशत तथा ९.८९, १७.७६ र १९.१४ औसत अङ्क प्राप्त गरेको पाइयो । उमेरले औपचारिक भाषा सिकाइमा पार्ने प्रभाव पनि सर्वाधिक रूपमा नै रहेको देखियो । छात्रछात्राहरूले प्राप्त गरेको अङ्कको भिन्नतालाई प्रमाण मान्दा क्रमशः ४४.३१ र ७.२१ प्रतिशत तथा ७.८७ र १.३८ औसत अङ्कले अग्रता कायम भएको पाइयो । सगरमाथा स्कुलको कक्षा ४ मा घटेको र पाँगा मा.वि. को कक्षा ४ को सबैभन्दा बढी कायम रहेको अवस्थाबाहेक अन्य चार माविको क्रमशः बढेको उक्त तथ्यबाट उमेर भिन्न हुनासाथ वा उमेर बढ्नासाथ सिकाइ उपलब्धिसमेत फरक पर्दछ वा बढ्दछ भन्ने देखिएको छ । यसबाट तीनवटा उमेरसमूहका छात्रछात्राहरूले जुन सिकाइ उपलब्धि हासिल गरेका छन् १० भन्दा ९ र ९ भन्दा ८ वर्ष उमेरसमूहका छात्रछात्राहरू स्वतन्त्र लेखन कौशलमा अपेक्षाकृत कमजोर हुन्छन् र उमेर बढ्दै जाँदा सिकाइ उपलब्धि धेरथोर बढ्दै जान्छ जुन सिकाइ उपलब्धिमा भएको मात्रात्मक वृद्धि हो भन्ने देखिन्छ ।





**स्तम्भचित्र ७ :** सुनाइ-बोलाइ एकीकृत सीप

स्तम्भचित्र ७ मा दिइएअनुसार निर्धारित कक्षा र उमेरसमूहका छात्रछात्राहरूको सुनाइ-बोलाइ एकीकृत सीपको परिणाममा सूक्ष्म भिन्नता मात्र देखियो । जम्मा ५ अङ्कको सुनाइ र बोलाइ एकीकृत सीपसम्बन्धी श्रुतिबोधमा कक्षा ३ मा पढ्ने ८ वर्ष उमेरसमूहका छात्रछात्राहरूले बढीमा १ अङ्क बराबर ०.८३ र कम्तीमा ०.२१ सम्म ल्याएको देखियो भने कक्षा ४ मा पढ्ने ९ वर्ष उमेरसमूहका छात्रछात्राहरूको भने बढीमा १ र कम्तीमा ०.३३ सम्म अङ्क कायम भएको पाइयो । त्यसैगरी कक्षा ५ मा पढ्ने १० वर्ष उमेरसमूहका छात्रछात्राहरूले बढीमा ०.९६ र घटीमा ०.३८ अङ्कसम्म प्राप्त गरेको देखियो । तीनवटा उमेरसमूहका छात्रछात्राहरूले ल्याएको प्राप्ताङ्कलाई प्रतिशत र औसतमा तुलना गरी हेर्दा उनीहरूले क्रमशः ६०, ७५ र ७६ तथा ३, ३.७५ र ३.८० अङ्कमा चित्त बुझाउनुपरेको पाइयो । उमेरको भिन्नताको कारण औपचारिक भाषा सिकाइमा भने सुनाइ र बोलाइ सम्बद्ध श्रुतिबोधमा मध्यम खालको प्रभाव देखियो । यसर्थ ८ वर्ष उमेरसमूहका बालबालिकाहरूको भन्दा ९ र ९ वर्ष उमेरसमूहका बालबालिकाहरूको भन्दा १० वर्ष उमेरसमूहका बालबालिकाहरू क्रमशः २० र १.३२ प्रतिशत तथा ०.७५ र ०.०५ औसत अङ्कले अगाडि देखिनु यसको प्रमाण मान्न सकिन्छ । यस सुनाइ-बोलाइ एकीकृत सीप सम्बद्ध नतिजाबाट उमेरको भिन्नताका कारण सिकाइमा परेको प्रभाव सामान्यतः सकमारात्मक नै हुन्छ तापनि नियमित रूपमा हुने वृद्धिलाई हेर्दा ८-९ वर्ष उमेरसमूहका तुलनामा ९-१० वर्ष उमेरसमूहका छात्रछात्राहरूमा पर्ने प्रभावको मात्रा अपेक्षाकृत कम हुन्छ भन्ने आधार मिल्दछ ।




**स्तम्भचित्र ८ :** सुनाइ-लेखाइ एकीकृत सीप

स्तम्भचित्र ८ अनुसार सोही कक्षा र उमेरसमूहका छात्रछात्राहरूको सुनाइ र लेखाइ एकीकृत सीपको परिणाममा भने ठुलो अन्तर देखियो । जम्मा ५ अङ्क रहेको सुनाइ र बोलाइ सीप सम्बद्ध श्रुतिबोधात्मक भाषिक कार्यमा प्राप्त भएको परिणामलाई आधार मान्दा तीन उमेरसमूह अर्थात् कक्षा ३, ४ र ५ का छात्रछात्राहरूले बढीमा क्रमशः ३.१३, ३.६३ र ४.१३ तथा कम्तीमा ०.१३, १.२५ र १.२५ सम्म अङ्क ल्याएको देखियो । उक्त अङ्क विवरणलाई हेर्दा उनीहरूले क्रमशः २८, ४७.९७ र ५२.५३ प्रतिशत तथा ८.४, १४.३९ र १५.७६ औसत अङ्क ल्याएका थिए । यसमा उमेर भिन्न हुँदाको प्रभाव भने ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरूले प्रँप्त गरेको भिन्न-भिन्न अङ्क विवरणलाई प्रमाण मान्दा क्रमशः ४१.६३ र ८.६९ प्रतिशत तथा ५.९९ र १.३७ औसत अङ्कले परेको देखियो । यस तथ्यका आधारमा हेर्दा ८ र ९ वर्ष उमेरसमूहका छात्रछात्राहरूले प्राप्त गरेको अङ्कको अन्तर एकातिर अत्यधिक देखिएको छ भने अर्कातिर सुनाइ-लेखाइ एकीकृत सीपमा तीनवटै समूहका छात्रछात्राहरू तुलनात्मक रूपमा कमजोर पाइएका छन् । सुनाइ र लेखाइ एकीकृत सीप सम्बद्ध यस नतिजाबाट छात्रछात्राहरूले क्रमशः सिकाइ उपलब्धिमा वृद्धि गर्दै लगेको देखिन्छ तापनि उनीहरू उल्लिखित भाषिक सीपको सिकाइमा कमजोर रहेको विषय उजागर हुन्छ । उमेरको भिन्नताका कारण औपचारिक भाषा सिकाइमा परेको प्रभावको यस सन्दर्भले उमेर बढ्दै जाँदा औपचारिक भाषा सिकाइमा भने थप परिपक्वता आउँछ भन्ने सङ्केत गर्दछ ।




**स्तम्भचित्र ९ :** पढाइ-लेखाइ एकीकृत सीप

स्तम्भचित्र ९ मा उल्लेख भएअनुसार उक्त कक्षा र उमेरसमूहका छात्रछात्राहरूको पढाइ र लेखाइ एकीकृत सीपको तथ्याङ्कीय परिणामलाई हेर्दा ठुलो अन्तर रहेको पाइयो । जम्मा ५ अङ्क रहेको पढाइ र लेखाइ एकीकृत सीप सम्बद्ध पठनबोधात्मक भाषिक कार्यमा ८, ९ र १० वर्ष उमेरसमूह अर्थात् कक्षा ३, ४ र ५ मा अध्ययनरत छात्रछात्राहरूले क्रमशः बढीमा ४, ४.३८ र ४.८८ तथा कम्तीमा ०.६३, २.८८ र ३.२५ अङ्क कायम गरेको देखियो । छात्रछात्राहरूले क्रमशः ४६.७३, ७८.४ र ८४.६३ प्रतिशत तथा १४.०२, २३.५२ र २५.३९ औसत अङ्क प्राप्त गरेकाले पढाइ-लेखाइ एकीकृत सीप सम्बद्ध सिकाइमा उमेरको प्रभाव अत्यधिक मात्रामा परेको र ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरू क्रमशः १५.९६ र ७.३७ प्रतिशत तथा ९.५ र १.८७ औसत अङ्कले अगाडि देखिनु भनेकै प्रभावको परिणाम हो । उक्त प्रभाव पनि ८ भन्दा ९ वर्षमा जति धेरै मात्रामा परेको छ त्यो ९ भन्दा १० वर्ष उमेर समूहमा भने तुलनात्मक रूपमा कम मात्र परेको पाइयो । पढाइ र लेखाइ एकीकृत सीप सम्बद्ध यस नतिजाबाट एकीकृत सीप सम्बद्ध भाषिक सिकाइमा ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूको तुलनामा ८ वर्ष उमेरसमूहका छात्रछात्राहरू कमजोर रहेको पुष्टि हुन्छ । यसबाट उमेरगत भिन्नताको औपचारिक भाषा सिकाइमा पर्ने नियमित प्रभाव पनि सोहीअनुसार कमबेसी हुन सक्छ भन्ने देखिन्छ ।

## उपलब्धि तथा निष्कर्ष

उल्लिखित ९ स्तम्भचित्रहरूमा देखाइएका तथ्यहरूलाई आधार मान्दा औपचारिक भाषा सिकाइमा उमेरको भिन्नताले पार्ने प्रभाव सीपगत हिसावले कतै उच्च, कतै सामान्य र कतै न्यून रूपमा देखिन्छ । कक्षा ३, ४ र ५ वा ८, ९ र १० वर्ष उमेरसमूहका छात्रछात्राहरूले शुद्ध भाषिक सीप र एकीकृत भाषिक सीपमा जुन उपलब्धि हासिल गरेका

छन् केही अपवादलाई छोड्ने हो भने ८ भन्दा ९ र ९ भन्दा १० वर्ष उमेरसमूहका छात्रछात्राहरू नै क्रमश: सबल पाइन्छन् । त्यस्तै औसताङ्कका दृष्टिले औपचारिक भाषा सिकाइमा उमेर परिवर्तनको प्रभाव ८-९ वर्ष उमेरसमूहका बालबालिकाहरूमा सबभन्दा बढी ४४.३१ प्रतिशतसम्म र सबभन्दा कम ०.२१ प्रतिशतसम्म अनि ९-१० वर्ष उमेरसमूहका बालबालिकाहरूमा सबभन्दा बढी १५.७८ प्रतिशत र सबभन्दा कम ०.८३ प्रतिशतसम्म जुन मात्राले परेको छ यसबाट यस्तो प्रभाव तल्लो कक्षाका बालबालिकाको तुलनामा माथिल्लो कक्षाका बालबालिकामा कम पर्दछ भन्ने देखिन्छ ।

तुलनात्मक रूपमा हेर्दा ९ र १० को भन्दा ८ वर्ष उमेरसमूहका छात्रछात्राहरू मौखिक युक्तिहरूको प्रयोगमा भन्दा लिखित युक्तिहरूको प्रयोगमा बढ्ता कमजोर देखिनुले सानो उमेरका बालबालिकाका लागि लेखाइ सीप सम्बद्ध भाषिक कार्यहरू तुलनात्मक रूपमा कठिन हुने देखिन्छ । शुद्ध सुनाइका तुलनामा सुनाइ-लेखाइ एकीकृत, शुद्ध पढाइका तुलनामा पढाइ-लेखाइ एकीकृत, शुद्ध बोलाइका तुलनामा सुनाइ-बोलाइ एकीकृत, शुद्ध लेखाइका तुलनामा स्वतन्त्र लेखनमा उपलब्धि घटेको पाइनुले लेखाइभित्र पनि स्वतन्त्र लेखनमा सबै उमेरसमूहका छात्रछात्राहरू तुलनात्मक रूपमा कमजोर हुनेगर्दछन् । परिणामत: कतै धेरै र कतै थोरै सिकाइ उपलब्धिमा वृद्धि हुँदै जानुलाई भने उमेरको भिन्नताले नेपाली भाषाको औपचारिक सिकाइमा पार्ने सकारात्मक प्रभाव मान्न सकिन्छ ।

## शैक्षणिक उपादेयता

प्रस्तुत अध्ययन मातृभाषाको औपचारिक सिकाइ उमेरगत भिन्नताको प्रभावसँग सम्बन्धित हुनाले यसको शैक्षणिक उपादेयतालाई पनि सोहीअनुसार बुँदाबद्ध गरिएको छ :

१. प्रस्तुत अनुसन्धानात्मक लेखलाई औपचारिक भाषा सिकाइका विभिन्न तह र क्षेत्रका लागि उपयोगी तुल्याउन सकिन्छ ।

२. नेपाली बालबालिकाहरूको मातृभाषाको औपचारिक सिकाइ सम्बद्ध क्षेत्रमा पर्याप्त अध्ययन-अनुसन्धान नभइरहेको वर्तमान अवस्थामा यसले जिज्ञासु पाठक र अध्येतालाई थप अध्ययनका लागि प्रेरित गर्न सक्छ ।

३. यसले भाषिक अभिक्षमता परीक्षँणका निम्ति के कस्ता प्रविधिहरू निर्माण गरेर अगाडि बढ्नु उपयुक्त हुन्छ भन्ने बारेमा जानकारी प्रदान गर्दछ ।

४. यसले मौखिक र लिखित युक्तिहरूको निर्माण र भाषिक परीक्षणका बारेमा आधार भूत जानकारी दिन्छ ।

५. प्रस्तुत लेखले फरक उमेरसमूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा भिन्नता देखिनु वा उपलब्धि बढ्दै जानुको मूल कारण भनेकै उमेरको भिन्नता वा उमेरमा आएको परिपक्वता हो भन्ने कुराका लागि प्रामाणिक आधार प्रदान गर्दछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६५). *सामाजिक र प्रायोगिक भाषा विज्ञान.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल संपा.(२०६६). *प्रयोगात्मक नेपाली शब्दकोश.* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

इन्ग्राम, डी.(सन् १९८९). *फस्ट ल्याङ्ग्वेज एक्युजिसन.* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

इलियट, जे.ए. (सन् १९९६). *चाइल्ड ल्याङ्ग्वेज.* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

कोरिन जी.(सन् २०११). *बिकमिङ्ग क्वालिटेटिभ रिसर्च : एन इन्ट्रोडक्सन.* (चौथो सं.) बोस्टन : पियर्सन ।

ग्यास, एम.एस. र सेलिन्कर, एल. (सन् २००८). *सेकेन्ड ल्याङ्ग्वेज एक्युजिसन.* यु.के.: राउटलेज ।

गिभन,एल.एम.(सन् २००६). *द सेज इन्साइक्लोपेडिया अफ क्वालिटेटिभ रिसर्च मेथोड.* लसएन्जलस : सेज पब्लिकेसन ।

पराजुली, कृष्णप्रसाद संपा.(२०७५). *नेपाली वृहत् शब्दकोश* (दसौँ सं). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

नेपाल सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (२०७२). *नेपालको संविधान.* काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

पापालिया, ई.डी. ओल्ड्स, यु.एस. र फेल्डम्यान, डी.आर. (सन् २००२). *अ चाइल्ड ओर्ल्ड, इन्फेन्सी थ्रो एडोलेसेन्स.* (नवौँ सं.), क्याम्ब्रिज : म्याग्र-हिल ।

युल, जे.(सन् २००६). *द स्टडी अफ ल्याङ्ग्वेज* (तेस्रो सं.). क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ (२०६६). *बाल विकास र सिकाइ.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

हर्लक, बी. ए. (सन् २००६), *डेभलप्मेन्ट साइकोलजी : अ लाइफ-स्पेन एप्रोच* (पाँचौँ सं.). न्युयोर्क : टाटा म्याग्र-हिल ।